## सम्वत् २०८१ साल जेठ ७ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश योजना आयोग, कोशी प्रदेशको उपाध्यक्ष पदमा बिर्तामोड-७, झापाका डा. राजेन्द्र अधिकारीलाई नियुक्त गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश, विराटनगरको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश सरकारलाई आर्थिक भार नपर्ने गरी कोशी प्रदेश सभा सदस्य माननीय भक्ति प्रसाद सिटौलाको क्यानडाको बैदेशिक भ्रमण स्वीकृत गरी निजलाई कुटनीतिक राहदानीका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौंलाई सिफारिस गर्ने।

४. सामाजिक विकास मन्त्रालयः संखुवासभा, सोलुखुम्बु र ताप्लेजुङ जिल्लाको सदरमुकाम रहेको स्थानीय तहमा आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) को सञ्चालनका लागि प्रति स्थानीय तह रु. ५,०२,०००।- (पाँच लाख दुई हजार मात्र) का दरले हुने गरी बजेट रकम पठाउन स्वीकृति प्रदान गर्नेः-

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः माननीय आन्तरिक मामिला तथा कानून मन्त्री लिला बल्लभ अधिकारीलाई कोशी प्रदेश, प्रदेश सरकारको प्रवक्ता तोक्ने।

## सम्वत् २०८१ साल जेठ २० गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने। कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम कोशी प्रदेश सभाको चालु अधिवेशनमा मिति २०८१।०२।२१ गते दिउँसो ४:०० बजे सम्बोधन गरी प्रस्तुत गर्न माननीय प्रदेश प्रमुखलाई अनुरोध गर्ने। माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको बैठकलाई सम्बोधन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन प्रदेश सभालाई अनुरोध गर्ने।"



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः महालेखापरीक्षक छैटौं वार्षिक प्रतिवेदन, २०८१ प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने।

२. सामाजिक विकास मन्त्रालयः प्रदेश सरकार, मन्त्रिपरिषद्को प्र.म.प.बै.सं. ३७/२०८०, मिति २०८०/११/२३ गतेको बैठकबाट भएको निर्णयको अनुसूचीको युवा तथा खेलकुदतर्फको प्रस्तावमा आधारित खेल पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रमको सञ्चालन प्रक्रियामा संशोधन गर्न स्वीकृति प्रदान गर्ने।

**<u>सम्वत् २०८१ साल जेठ २५ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरुः</u>**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जित बहादुर कार्कीसहित १५(पन्ध्र) जनालाई प्रदेश विकास परिषद्को सदस्यमा मनोनयन गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयः आ.व. २०८१।०८२ को बजेट प्रस्ताव गर्दा विषयगत मन्त्रालयहरुले आवश्यकता र औचित्यताका आधारमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सक्ने, निर्धारित मापदण्डको प्रक्रिया पुरा गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न नसकेमा आ.व. २०८१।०८२ मा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरुको सूची तयार गरी सम्बन्धित मन्त्रालयवाट निर्णय गरी उक्त सूची प्रदेश योजना आयोगमा पठाउने, प्राप्त सूचीलाई प्रदेश योजना आयोगले प्रमाणित गरी आर्थिक मामिला तथा योजना मन्त्रालय पठाउने र सूचीमा परेका ५० लाख भन्दा माथिको लागत भएका आयोजनाहरुको खरिद प्रक्रियामा जानु पूर्व आयोजना बैंक सूचना प्रणालीमा प्रविष्टी गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः नेपाल सरकारबाट हस्तान्तरण भएका अधुरा, क्रमागत एवं बहुवर्षीय आयोजनाहरु सडक, पूल तथा शहरी विकास तर्फका निर्माणाधीन आयोजनाहरुका लागि चालु आ.व. २०८०।०८१ मा अपुग बजेट रु २ अर्व ३ करोड ५० लाख ८७ हजार सशर्त अनुदान मार्फत वित्तीय हस्तान्तरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

## सम्वत् २०८१ साल जेठ २८ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः डा. सीताराम बस्नेत, किशोर कुमार राई, भवानी प्रसाद वराल र नमिता न्यौपानेलाई प्रदेश योजना आयोग, कोशी प्रदेशको सदस्य पदमा नियुक्त गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश सरकारलाई आर्थिक भार नपर्ने गरी कोशी प्रदेश सभा सदस्य माननीय राजन किराती र सम्झना तामाङको क्यानडाको बैदेशिक भ्रमण स्वीकृत गरी निजलाई कुटनीतिक राहदानीका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौंलाई सिफारिस गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः आर्थिक मामिला तथा योजना मन्त्री माननीय राम बहादुर मगरज्यूको संयोजकत्वमा चार सदस्यीय राजनीतिक तथा शान्ति वार्ता समिति गठन गर्ने।

४. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिव डा. लेखराज दाहाललाई थाईल्याण्डमा २०८१ साल असार २९ देखि साउन ४ (तदनुसार १३ देखि १९ जुलाई, २०२४) सम्म संचालन हुने वैदेशिक भ्रमण तथा तालिम कार्यक्रममा मनोनयन गर्ने।